म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १२६ २०८० चैत १४ गते बुधबार 27 March 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वनमा आगो लगाउनेलाई वन ऐन– नियम अनुसार ३ वर्ष कैद वा ६० हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुनसक्दछ, त्यसैले वनमा आगो लगाउने वा आगो लागि हुन सक्ने कार्य नगर्न नगराउनु हुन सम्पूर्णमा अनुरोध गरिन्छ । डढेँलो लागेको देखिएमा सबै समुदाय मिली तत्कालै डढेँलो निभाऔँ । डढेँलो नियन्त्रणमा आउन नसके वन समूह,नजिकको वन कार्यालय वा सुरक्षा निकायमा तुरुन्तै खबर गरौँ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

### भोलिबाट एसईई परीक्षा

## मकवानपुरमा तयारी पूरा

**समाज संवाददाता**

हेटौंडाः यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)को सम्पूर्ण तयारी पूरा भएको छ । भोलि बिहीबार बिहान ८ बजेदेखि देशभर एकैसाथ एसईई सुरु हुँदैछ । परीक्षा चैत १५ गते बिहीबारबाट सुरु भएर २७ गते मंगलबार सम्पन्न हुनेछ ।

मकवानपुर जिल्लाका सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ति, सुरक्षा व्यवस्था, जनशक्ति परिचालन, प्रश्नपत्र र उत्तरपुस्तिका पुऱ्याउनेलगायतका सबै काम सकिएको छ । यसवर्ष मकवानपुर जिल्लाका एक सय ३८ विद्यालयबाट ६ हजार एक सय ५६ जना विद्यार्थीले एसईईको परीक्षा फारम भरेका छन् । मकवानपुर जिल्लामा एसईईका लागि २६ वटा परीक्षा केन्द्र रहेको छ ।

जिल्लाका सम्पूर्ण विद्यालयमा तयारी पूरा भएको विद्यालयहरुले जनाएका छन् । मकवानपुरको मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यामिक विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले विद्यालयले सबै तयारी पूरा गरेको जानकारी दिनुभयो । विद्यालयबाट ४५ जना विद्यार्थीले परीक्षामा सहभागिता जनाउनेछन् । भानु मावि पालिकाकै उत्कृष्ट विद्यालय भएकाले सम्पूर्ण विद्यार्थीले उत्कृष्ट अंक ल्याउने लक्ष्यका साथ अघि बढेको थापाले बताउनुभयो ।

विद्यालयले एसईईका विद्यार्थीको लागि अभिभावकको समन्वयमा बिहान ६ बजेबाट राति १० बजेसम्म अतिरिक्त कक्षा सञ्चालन गरेको थियो । अतिरिक्त कक्षा ९ गतेसम्म सञ्चालन भएको थियो । विद्यालयले ३ वटा कक्षामा राखेर विद्यार्थीलाई अध्यापन गराएको थियो । कमजोर भएका विद्यार्थीलाई उत्कृष्ट नतिजाको लागि प्रेरित गरी अध्यापन गराइएको उहाँको भनाइ छ । गतवर्ष ३० जना विद्यार्थी परीक्षामा सहभागी भएकामा एक जना विद्यार्थीको ए प्लस, ३ जना विद्यार्थीको ए, १२ जना विद्यार्थीको बी प्लस आएको र अन्य विद्यार्थीले २ दशमलब ७८ जीपीए प्राप्त गरेका थिए । यसवर्ष सम्पूर्ण विद्यार्थीले राम्रो अंक ल्याउने उहाँले दावी गर्नुभयो ।

यस्तै, हेटौंडा उपमहानगरपालिका-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयले पनि एसईई परीक्षाको तयारी पूरा गरेको विद्यालयका प्रधानाध्यापक श्रीराम दाहालले बताउनुभयो । विद्यालयबाट २७ जनाले परीक्षा दिँदैछन् । विद्यालयमा पारिवारिक आर्थिक अवस्था कमजोर भएका, अध्ययनमा कमजोर रहेका, अन्य विद्यालयले पठनपाठनका लागि छनोट नगरेका विद्यार्थीहरु अध्ययनरत रहेको बताउँदै विद्यार्थीहरुको अवस्था सुधारात्मक नै रहेको उहाँको भनाइ छ ।

विद्यार्थीलाई थप अध्ययनका लागि भदौबाट नै अतिरिक्त कक्षा सञ्चालन गरी अध्यापन गराउँदै आएको दाहालले बताउनुभयो । विद्यालयले विद्यार्थीमा पठनशैलीको विकास र परीक्षा तथा नतिजामा सुधार ल्याउन शनिबार परीक्षा सञ्चालन गर्दै अएकोसमेत उहाँले बताउनुभयो । गतवर्ष विद्यालयबाट ३ जनाले ए ग्रेड ल्याएका र सबै विद्यार्थीले कक्षा ११ अध्ययन गर्नसक्ने नतिजा हासिल गरेका थिए । श्रमिक माविका विद्यार्थीको परीक्षा केन्द्र सिद्धार्थ माविमा तोकिएको छ ।

पूर्वी मकवानपुरको बकैया गाउँपालिका-४, छतिवनस्थित महेन्द्र माध्यमिक विद्यालयले पनि आफ्नो तयारी पूरा भएको जनाएको छ । विद्यालयकी प्रधानाध्यापक देवकी सिग्देलका अनुसार प्राविधिकतर्फ ४१ जना र साधारणतर्फ ९८ जना गरी १३७ जना विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । विद्यार्थीले परीक्षामा राम्रो नतिजा प्राप्त गर्ने बताउँदै विद्यालयले लिएको अभ्यास परीक्षामा राम्रो नतिजा आएको उहाँको भनाइ छ ।

गाउँपालिकाको उत्कृष्ट विद्यालयको रुपमा रहेको विद्यालयमा गतवर्ष २ जना विद्यार्थीको ए प्लस, ७ जना विद्यार्थीको ए र अन्य विद्यार्थीको पनि राम्रो नतिजा आएको थियो । तर, यसपालिको परीक्षामा विद्यार्थीले हरेक विषयमा ३५ प्रतिशत अंक प्राप्त गर्नुपर्ने भएकाले परीक्षाको नतिजामा केही फरक पर्नसक्ने उहाँले बताउनुभयो । विद्यालयमा परीक्षा केन्द्र पनि तोकिएकाले राष्ट्रिय परीक्षा बोर्डको निर्देशनअनुसार तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । महेन्द्र माविका विद्यार्थीको परीक्षा केन्द्र भने बुद्ध मावि बकैया-३, हात्तीसुँडे तोकिएको छ ।

यस्तै, मकवानपुरको थाहा नगर पालिका-६ स्थित बज्रबाराही माविले पनि परीक्षाको तयारी पूरा भएको जनाएको छ । विद्यालयबाट ३६ जना परीक्षार्थीहरुले परीक्षा दिने विद्यालयका प्रधानाध्यापक रमेशकुमार डंगोलले बताउनुभयो । विद्यालयका विद्यार्थीहरुमा अध्ययन गर्ने बानीको अभाव भएकाले अपेक्षित नतिजा हासिल हुन नसक्ने उहाँले बताउनुभयो । विद्यालयले विद्यार्थीको परीक्षामा नतिजा राम्रो ल्याउन अतिरिक्त कक्षा सञ्चालनमा ल्याएको छ । उक्त विद्यालयका विद्यार्थीको परीक्षा केन्द्र सरस्वती बालबोधिनी मावि, मार्खु तोकिएको छ । उहाँले विद्यालयले लिएको अभ्यास परीक्षामा राम्रो नतिजा आएकाले अन्तिम परीक्षामा पनि राम्रो नतिजा आउने विश्वास व्यक्त गर्नुभयो ।

बज्रबाराही माविमा पनि परीक्षा केन्द्र तोकिएको छ । ७ वटा विद्यालयका २४० जना विद्यार्थीहरुले परीक्षा दिने बताउँदै परीक्षा केन्द्रको तयारी पनि पूरा भएको डंगोलले जनाकारी गराउनुभयो ।

यता, मनहरी गाउँपालिका-३, हाँडिखोलाको महेन्द्रज्योति माध्यमिक विद्यालयले पनि परीक्षाको तयारी पूरा भएको जनाएको छ । विद्यालयका २३ जना विद्यार्थीले परीक्षा दिने विद्यालयका प्रधानाध्यापक गोविन्द चौलागाईले जानकारी दिनुभयो । विद्यार्थीहरुको लागि विद्यालयले मंगलबारसम्म अतिरिक्त कक्षा सञ्चालन गरेर विदाई गरेको उहाँले बताउनुभयो ।

परीक्षामा सहभागी हुने परीक्षार्थीमा ५० प्रतिशत विद्यार्थी पास हुने अनुमान गरिएको उहाँले बताउनुभयो । गतवर्ष पनि परीक्षामा सामान्य नतिजा हासिल गरेको उहाँको भनाइ छ । गतवर्षको तुलनामा यसवर्ष केही सुधार आएको उहाँले जानकारी दिनुभयो । विद्यार्थीहरुको परीक्षा केन्द्र हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माविमा तोकिएको छ ।

यस्तै, बागमती गाउँपालिका-५, ज्यामिरेस्थित देवकी माध्यमिक विद्यालयले पनि परीक्षाको तयारी पूरा भएको जनाएको छ । विद्यालयबाट साधारणतर्फ ७२ जना, प्राविधिकतर्फ ३५ जना र ग्रेडवृद्धितर्फ २ जना गरी १ सय ९ जनाले परीक्षामा सहभागिता जनाउने विद्यालयका प्रधानाध्यपक चन्द्र थापाले जानकारी दिनुभयो । विद्यालयले विद्यार्थीको लागि मंगलबारसम्म नै अतिरिक्त कक्षा सञ्चालनमा ल्याएको थियो ।

ग्रामीण भेग भएकाले कमै विद्यार्थीले परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने बताउँदै परीक्षामा ३५-४० प्रतिशत विद्यार्थीले उत्कृष्ट अंक प्राप्त गर्ने अनुमान गरिएको उहाँले जानकारी दिनुभयो । गतवर्ष ८० जना विद्यार्थी परीक्षामा सहभागी भएकामा ३० जना विद्यार्थीमात्र उत्तीर्ण भएका थिए ।

### बागमती प्रदेश सरकार

## हानेपाले लियो समर्थन फिर्ता

हेटौँडाः हाम्रो नेपाली पार्टी (हानेपा) ले बागमती प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । ९ चैतमा समर्थन फिर्ताको पत्र तयार गरेर हानेपा संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यले मंगलबार बिहान प्रदेश प्रमुखको कार्यालयमा इमेलमार्फत पत्र पठाएको बताइएको छ । बज्राचार्यले पठाएको पत्र प्रदेश प्रमुख कार्यालयमा मंगलबार दर्ता नभएको कार्यालय स्रोतले जानकारी दिएको छ ।

सत्ता समीकरणमा फेरबदल आएसँगै सरकार गठनमा निर्णायक बनेको हानेपाले समर्थन फिर्ता लिएको हो । नेता बज्राचार्यले पत्र अगाडि नै तयार भए पनि इमेलमार्फत मंगलबार पत्र पठाएको जानकारी दिए । उनले मुख्यमन्त्रीमा आफ्नै दाबी रहेकाले सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए । 'हाम्रो मुख्यमन्त्रीमा दावी छ । हामीले कसैलाई पनि समर्थन नगर्ने र प्रतिपक्षमा बस्ने निर्णय लिएका छौं', उनले भने ।

माओवादी नेता शालिकराम जम्कट्टेलको नेतृत्वमा २५ पुस २०७९ मा सरकार गठन हुँदा हाम्रो नेपाली पार्टीले समर्थन गरेको थियो । तत्कालीन एमाले र राप्रपाबीचको गठबन्धन भत्किएर नयाँ समीकरणमा कांग्रेससहितको सरकार बन्दा पनि हाम्रो नेपाली पार्टीले जम्कट्टेल दोस्रो पटक विश्वासको मत दिएको थियो । सरकारलाई गत २३ फागुनमा नेपाली कांग्रेसका ६ मन्त्रीले राजीनामा बुझाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री जम्कट्टेल विश्वासको मत लिनुपर्ने अवस्थामा थिए ।

मुख्यमन्त्री जम्कट्टेल नेपाल मजदुर किसान पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीलाई फकाएर बहुमत जुटाउने कसरतमा छन् । ११० सदस्यीय प्रदेशसभामा सरकारले बहुमत सिद्ध गर्न ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३ (सभामुखसहित), एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीका २ प्रदेशसभा सदस्य छन् । *(स्रोतः अनलाइनखबर)*

## कारको ठक्करबाट बालकको मृत्यु

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-सिन्धुली सडकअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-४, गोठखोलामा कारले ठक्कर दिँदा एकजना बालकको मृत्यु भएको छ । सोमबार दिउँसो १ बजेको समयमा हात्तिसुडेबाट गरगरेतर्फ आउँदै गरेको प्रदेश ३-०१-०२४ च १७९६ नम्बरको कारले गरगरेबाट हात्तिसुडेतर्फ जाँदै गरेको साइकललाई ठक्कर दिँदा साईकलयात्री ११ वर्षीय निशान बानियाँ घाइते भएका थिए । खुट्टा र टाउकोमा चोट लागेको बानियाँलाई उपचारका लागि हेटौँडा अस्पताल पुऱ्याइएको थियो । उपचारको क्रममा सोमबार दिउँसो २ बजेको समयमा बानियाँको मृत्यु भएको प्रहरीले जनाएको छ । कार चालक चितवन जिल्लाको भरतपुर महानगरपालिका-१० की ३५ वर्षीया शारदा सुवेदीलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मकवानपुरगढीमा एम्बुलेन्स दुर्घटना

## चालकको अवस्था गम्भिर

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरको मकवानपुरगढी गाउँपालिका-७, नर्सिङडाँडामा एम्बुलेन्स दुर्घटना भएको छ । मंगलबार साँझ साढे ५ बजेको समयमा सुकौराबाट नर्सिङडाँडातर्फ बिरामी पुऱ्याएर फर्कने क्रममा सुकौरा स्वास्थ्यचौकीले सञ्चालन गरेको बा प्र ०१-००३ भ ५८०६ नम्बरको एम्बुलेन्स आफै अनियन्त्रित भई दुर्घटना भएको हो ।

एम्बुलेन्स सडकबाट करिब २ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । एम्बुलेन्स चालक मकवानपुरगढी गाउँपालिका-७ का ३७ वर्षीय पेमा रत्न लामाको टाउको र शरीरको विभिन्न भागमा चोट लागी गम्भिर घाइते भएका छन् । घाइते पेमालाई उपचारका लागि हेटौँडास्थित मकवानपुर सहकारी अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ । प्रहरीका अनुसार चालकको अवस्था गम्भिर रहेको छ ।

## बेहोस भेटिएका बुढाथोकीको मृत्यु

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-६, चौघडा बजारमा बेहोस अवस्थामा भेटिएका वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौँडा-५ घर भई हाल हेटौंडा-१८, हर्नामाडी बस्दै आएका ८७ वर्षीय खड्क बुढाथोकी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । सोमबार बिहान ११ बजेको समयमा बुढाथोकी प्रतिक्षालयमा बेहोस अवस्थामा भेटिएका थिए । वृद्धलाई उपचारका लागि हेटौँडा अस्पताल लगिएकोमा उपचारको क्रममा सोमबार बिहान ११ बजेर २७ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

### चितवनमा एकजनाको मृत्यु

## सिन्धुपाल्चोक र दोलखामा तीनजना मृत भेटिए

**समाज संवाददाता**

हेटौँडाः चितवनमा स्कुटर दुर्घटनामा एक जनाको मृत्यु हुँदा सिन्धुपाल्चोकमा एकजना र दोलखामा दुई जना मृत फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२१, विजयचोकमा स्कुटर आफैं अनियन्त्रित भएर पल्टिँदा स्कुटर चालकको मृत्यु भएको छ । मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१५, सूर्यनगर बस्ने २६ वर्षीय अनिश गुरुङ रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार राती ११ बजेर ५० मिनेटको समयमा प्र ३-०३-००१ प १४४९ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा स्कुटर चालक गुरुङ घाईते भएका थिए । घाइते गुरुङलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर पठाइएकोमा उपचारको क्रममा सोमबार साँझ ७ बजेको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुपाल्चोक जिल्लाको साँगाचोकगढी नगरपालिका-५, भिमसेन मन्दिर नजिकै एक जना वृद्धा मृत फेला परेकी छन् । मृत फेला पर्नेमा साँगाचोक नगरपालिका-५, सानोसिरुबारी बस्ने ८७ वर्षीया मनमाया मगर रहेको प्रहरीले जानकारी दिएको छ । मगर सोमबार साँझ ७ बजेर २० मिनेटको समयमा बजारबाट घर आउँदै गरेको अवस्थामा घर नजिकै भिमसेन मन्दिर सिढी बाटोमा घोप्टो अवस्थामा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

दोलखा जिल्लाको मेलुङ गाउँपालिका-७, सितली ज्यामिरेमा एक जना पुरुषको शव फेला परेको छ । सोमबार नाम थर नखुलेको पुरूष व्यक्तिको शव सडी गली हड्डी मात्र बाँकी रहेको अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात पोष्टमार्टमका लागि पशुपती चौलागाई स्मृति अस्पताल चरिकोट लगिएको छ । दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-२, तामाकोशी मरिण खोलामा एक जना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा गौरीशंकर गाउँपालिका-४, भ्याकु बस्ने ३१ वर्षीया लछि तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । तामांङ गत बिहीबारदेखि आफ्नै घरबाट हराई बेपत्ता भएकी थिइन् । बेपत्ता तामाङको खोजी गर्दै जाँदा सोमबार बिहान ९ बजेको समयमा तामाकोशी नदीको बीचमा ढुङ्गा माथि फेला परेको प्रहरीले जानकारी दिएको छ ।



## सम्पादकीय

# छिट्टै शुल्क निर्धारण होस्

मुलुकको संविधान तथा अन्य ऐन, कानुनले विद्यालय तहको शिक्षा नि:शुल्क हुने व्यवस्था गरेको भए पनि विद्यालयको शुल्क निर्धारणको विषयले हरेक वर्ष चर्चा पाउने गरेको छ । वर्तमान कानुनी व्यवस्थाअनुसार सामुदायिक विद्यालयले कक्षा १२ सम्मका विद्यार्थीबाट कुनै पनि शीर्षकमा शुल्क लिन पाइँदैन । निजी विद्यालयले लिने शुल्क पनि नयाँ शैक्षिक सत्र सुरु हुनुभन्दा तीन महिनाअघि नै स्थानीय तहमा शुल्क प्रस्ताव गरेर पारित गराउनुपर्छ । तर, सरकारले विद्यालय सञ्चालनका लागि आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्थापन नगरेको र विभिन्न शीर्षकमा हुने खर्चका लागि आवश्यक बजेट नदिएको भन्दै अधिकांश सामुदायिक विद्यालयले अभिभावकबाट सहयोग शुल्क उठाउने गरेका छन् । निजी विद्यालयहरुले पनि समयमै शुल्क प्रस्ताव नगर्ने र प्रस्ताव गरेको शुल्कबारे समेत स्थानीय तहले समयमै निर्णय नगर्ने गरेका कारण अभिभावकहरु सधैं मारमा पर्ने गरेका छन् ।

नयाँ शैक्षिक सत्र नजिकिँदै गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले सार्वजनिक विद्यालयमा नि:शुल्क शिक्षा र निजी लगानीका (संस्थागत) विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्तिका सम्बन्धमा विभिन्न व्यवस्थाहरु सुनिश्चित गर्न निर्देशन दिएको छ । विभिन्न शीर्षकमा अभिभावकसँग चर्को शुल्क असुल्ने काम रोक्न आग्रह गर्दै मन्त्रालयले देशभरका ७५३ वटै स्थानीय तहलाई निर्देशन दिएको हो । स्थानीय सरकार सञ्चालन ऐनमा नि:शुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन सम्वन्धमा स्थानीय तहले काम गर्नुपर्ने व्यवस्था भएकोले सोहीबमोजिम स्थानीय तहबाट स्वीकृत कानून (मापदण्ड वा निर्देशिका वा कार्यविधि वा अन्य) समेतका आधारमा सार्वजनिक विद्यालयमा नि:शुल्क शिक्षा र निजी लगानीका विद्यालयमा शुल्क निर्धारण एवम् छात्रवृत्ति वितरणसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्न मन्त्रालयले निर्देशन दिएको छ । शिक्षा ऐन तथा नियमावली एवम् अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन २०७५ र नियमावली २०७७ मा भएका नि:शुल्क शिक्षा, शुल्क निर्धारण र छात्रवृत्ति वितरणसम्बन्धी प्रावधानहरुको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयले निर्देशन दिएको हो ।

नयाँ शैक्षिक सत्र सुरु हुन करिब दुई साता बाँकी छ । सामुदायिक विद्यालयको परीक्षा सकिइसकेको छ भने निजी विद्यालयमा परीक्षा सुरु हुँदैछ । परीक्षापछि नतिजा प्रकाशनसँगै नयाँ शैक्षिक सत्रको लागि विद्यार्थी भर्ना सुरु हुन्छ । तर, हेटौंडा उपमहानगरपालिकाले यसअघि निजी विद्यालयको शुल्क निर्धारण गर्न नसक्ने जनाइसकेको छ । उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाले समय तथा जनशक्ति कम भएकाले सबै निजी विद्यालयको अनुगमन गरेर मापदण्डबमोजिम शुल्क निर्धारण गर्न नसकिने जनाएको हो । नियमनकारी निकायको यस्तो अभिव्यक्तिले निजी विद्यालयका सञ्चालकलाई हाइसन्चो हुनेछ भने अभिभावकको ढाड सेकिने निश्चित छ । समयमै निजी विद्यालयका लागि वैज्ञानिक आधारमा शुल्क निर्धारण नहुनु र निर्धारण गरिएको शुल्कको कार्यान्वयनका बारेमा अनुगमनसमेत नहुँदा कतिपय निजी विद्यालयले मनलाग्दी शुल्क असुल्ने सम्भावनालाई नकार्न सकिँदैन ।

सामुदायिक विद्यालयहरुले अभिभावकसँग सहयोगको नाममा उठाउने शुल्कको उपादेयता र निजी विद्यालयको शुल्क निर्धारणमा प्रत्येक स्थानीय तह गम्भीर बन्नुपर्छ । निजी विद्यालयले प्रस्ताव गरेको शुल्कबारे समयमै निर्णय हुनुपर्छ । समयमै शुल्क निर्धारण नहुँदा नयाँ शैक्षिक सत्र सुरु भएसँगै विद्यालयहरुले आफूले प्रस्ताव गरेअनुसार शुल्क लिन थाल्दछन् । विद्यालयहरुले विद्यार्थी भर्नाको समयमा नै भर्ना तथा अन्य शुल्कको नाममा अभिभावकसँग मोटो रकम असुल्ने परिपाटीको अन्त्यका लागि पनि समयमै शुल्क निर्धारण र त्यसको पालनाको अनुगमन आवश्यक छ । स्थानीय तहहरुले आफ्नो क्षेत्रका विद्यालयको वर्गीकरण गरी शुल्क निर्धारणको स्पष्ट मापदण्ड तोक्ने, समयमै शुल्क प्रस्ताव माग गर्ने र शुल्क निर्धारण गर्ने अनि त्यसको प्रभावकारी अनुगमन गरेर शुल्कसम्बन्धी विवाद सदाका लागि अन्त्य गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : आँटे ताकेका कामहरु पूर्ण हुने समय छ ।
**वृष** : जोखिम र संकटले काममा पूर्णता होला ।
**मिथुन** : आनन्द, उल्लास र भोजभतेरमा समय बित्ला ।
**कर्कट** : धनार्जनका दृष्टिले उपयुक्त समय योग छ ।
**सिंह** : आत्मविश्वासमा वृद्धि हुने समय योग छ ।
**कन्या** : आक्रामक व्यवहारले आफूलाई हानी होला ।
**तुला** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला ।
**वृश्चिक** : समस्या र चुनौति पन्छाउन सकिने समय योग छ ।
**धनु** : अनावश्यक चिन्ताले मन बिचलित होला ।
**मकर** : पारिवारीक जीवन सन्तोषप्रद नै राखिन्छ ।
**कुम्भ** : भावना साटासाट गर्दा मनको बोझ हटेर जाला ।
**मीन** : सामाजिक र धार्मिक क्रियाकलापमा सरिक

# नेपालको श्रमशक्ति पलायनको दारुण चित्र



✍ललितकुमार यादव



गत महिना बुटवलबाट भतिजी काठमाडौं आएकी थिइन् । स्नातक अध्ययन गरेकी उनी ससानो रोजगारी गर्दै थप अध्ययन अघि बढाउने सोचमा त थिइन्, तर न्यून आम्दानी र अधिक खर्चको समस्याले गर्दा वर्क परमिटमा रोमानिया जानुपर्ला भनी प्रक्रिया बुझ्न आएकी उनीसँगै मेनपावर कम्पनीमा म पनि गएको थिएँ ।

सोही सिलसिलामा मेरा पुराना प्लस टु लेभलका विद्यार्थीसँग पनि भेट हुन गयो । वैदेशिक रोजगारीमा जान कपिलवस्तु (चन्द्रौटा) बाट आएका उनी उमेरले अलि बढी भए पनि उस्तै गरिबी, न्यून आय र आर्थिक पिरलोले गर्दा कतार, कुबेत वा दुबईमा जता पाए पनि काम गर्न जाने सोचमा रहेछन् । उक्त छोटो भेटमा सन्चो-बिसन्चो, पढाइका कुरासहित देश-विदेशसम्मका गफगाफ भए ।

नेपालका धेरै युवा पुस्ता अहिले रोजगारीका लागि विदेश गएको खबर देखिरहेकै थियौं, दैनिक १५ सय ऊर्जाशील युवा देश छोड्ने गरेका समाचार पनि आइरहेका छन् । प्रसंगवश ती युवालाई यो उमेरमा विदेश जानुपर्ने, त्यो पनि स्नातक पढेको मान्छे सस्तो श्रमिकका रूपमा मातृभूमि नै छोडेर खाडी मुलुक जानुपर्ने मूल कारण के होला भनी मैले सोधेको थिएँ । नेपालको श्रमिक पलायनबारे उनको तार्किक जवाफले मलाई भित्रैबाट छोयो अनि समग्र नेपाल, यहाँको आर्थिक, राजनीतिक र शैक्षिक क्षेत्रको बेहाल एवं श्रमिक युवाहरूको दारुण चित्र अन्तर्मनमा निरन्तर देखिन लाग्यो र सोही प्रतिविम्बहरू यस आलेखबाट पस्कन मन लाग्यो ।

खासमा उनको जवाफ यस्तो थियो- सर, हजुरले हामीलाई प्लस टुमा अर्थशास्त्र पढाउनुहुन्थ्यो, त्यस बेला आडम स्मिथको प्रसिद्ध पुस्तक 'द वेल्थ अफ नेसन्स' (१७७६) का बारे पनि परिचर्चा गर्नुहुन्थ्यो । सो किताबमा आडम स्मिथले देशको श्रमशक्तिलाई नै वेल्थ अफ नेसन मानेका थिए र जुनसुकै देश आर्थिक रूपमा सम्पन्न हुन त्यहाँको श्रमशक्तिलाई ससम्मान उत्पादन-प्रतिफलको कार्यमा जोड्नुपर्छ भनेका थिए । तर दुर्भाग्य, हाम्रो देशले आफ्नो युवाशक्तिको उत्पादन क्षमता चिन्न सकेन । अर्थात् नेपालले आफ्नो वेल्थ अफ नेसन के हो भनेर पटक्कै चिनेन र त हामी पलायन हुँदै विदेश जानैपर्ने भयो । अनि देशमा कहाँबाट उद्योग, रोजगारी, उत्पादन र आम्दानी बढोस् त ? ल हेर्नुस्, उनको दमदार तर्क ।

मैले सत्यको अघि शिर निहुर्‍याउँदै उनलाई हृदयदेखि नै सम्मान गरें, रोजगारीको अग्रिम शुभकामना दिँदै बिदा भएँ । तर, मलाई बारम्बार उनको प्रश्नले बिझाइरह्यो र नेपाल किन बनेन भनी उर्वर क्षमता भएको होनहार युवा श्रमिकले उठाउने गरेको प्रश्न बारम्बार सम्झिन पुगें । अनि सम्झिए, ती सबै विद्यार्थीलाई अनि अर्थशास्त्र पढाउँदाका क्षण र रिभिजिटिङ गरें, अर्थशास्त्रका पिता महान् दार्शनिक आडम स्मिथ र उनको प्रख्यात पुस्तक एन इन्क्वेरी इन्टु द नेचर एन्ड कजेज अफ द वेल्थ अफ नेसन्स (१७७६) लाई पनि । यही पुस्तकलाई छोटो गरी द वेल्थ अफ नेसन्स भनिएको हो । निकै वर्षअघि वन विभागअन्तर्गतको सरकारी जागिर गर्दा स्थानीयहरूको आग्रहमा चन्द्रौटाको उच्च माविमा बिहानीको खाली समयमा प्लस टु लेभलमा मैले अर्थशास्त्र विषय पढाएको थिएँ ।

त्यहाँ अर्थशास्त्रको परिभाषा भन्ने पाठ आउँछ । यद्यपि रबिन्सको परिभाषालाई सर्वमान्य परिभाषा मानिए पनि आडम स्मिथले भनेझैं अर्थशास्त्र धनको अध्ययन गर्ने विज्ञान हो भनी सजिलो गरी भनिने पहिलो परिभाषा त्यही आउँछ । देशको धन भनेकै श्रमिकहरूले गर्ने उत्पादनको कार्य हो भनेर उनले भनेका छन् । खासगरी मजदुरहरूको श्रम विभाजन सिद्धान्त, मूल्य र ज्याला सिद्धान्त, उत्पादन वृद्धि (अहिले जिडिपी भनिन्छ) र पुँजी सञ्चयको सिद्धान्त र तुलनात्मक लाभको सिद्धान्तलाई आडम स्मिथले प्रस्ट पारेका छन् । उनको यही पुस्तकको दार्शनिकीमा नै युरोपले औद्योगिक युग विस्तार गर्‍यो र सामन्तवादबाट पुँजीवादी उत्पादन प्रणालीमा रूपान्तरण हुन सफल भयो ।

आडम स्मिथको मूल्यको श्रम सिद्धान्तबाट महान् अर्थशास्त्रीहरू रिकार्डो, माल्थस र कार्ल मार्क्ससमेत उत्तिकै प्रभावित थिए । मार्क्सले आफ्नो महान् कृति दास क्यापिटलमा अतिरिक्त मूल्यको सिद्धान्त तयार पार्दा आडम स्मिथको सोही पुस्तकको गहन अध्ययन गर्नुभएको थियो । अन्य अर्थशास्त्रीहरू स्यामुल्सन, जे. सुम्पिटर, स्टिगलर, किन्स, मिल्टन फ्रिडमेनलगायत धेरैमा सो पुस्तकले गहिरो प्रभाव पारेको पाइन्छ पनि ।

### के हो त आडम स्मिथको वेल्थ अफ नेसन्स ?

अठारौं शताब्दीमा बेलायतमा विज्ञानको प्रयोग अघि बढ्दै थियो भने सामान्य यन्त्र, औजार र मेसिनरीहरू पनि आविष्कार हुँदै थिए । न्युटनको गुरुत्वाकर्षण सिद्धान्तपछि जेम्स वाटले वाफबाट चल्ने मेसिन बनाए । एकल/कोरा श्रमशक्तिले मात्रै थोरै उत्पादन हुन्थ्यो भने यी मेसिनहरूको प्रयोगले उत्पादन बढाउँदै थियो । बेलायत ग्रामीणबाट सहरी अर्थतन्त्रतर्फ संक्रमण हुँदै थियो, सहरहरू बढ्दै थिए, कृषिमा उत्पादन बढेको थिएन तर जनसंख्या वृद्धिदर भने तीव्र थियो । खाद्य चक्लाबन्दी चले पनि बेरोजगारी दर बढ्दो थियो ।

त्यहाँका पुँजीपति र जमिनदारहरूले सस्तो श्रमिक प्रयोग गर्थे, तर कृषि उत्पादन बढ्नुसँग उनीहरूलाई कुनै मतलब थिएन । फेरि बेलायतको औपनिवेशिक यात्रा निकै अघि बढेको हुँदा एसिया र अफ्रिकामा व्यापार गरी सुन, चाँदी, हीरामोतीजस्ता बहुमूल्य वस्तु थुपार्नु नै धन कमाउनु हो भन्ने ध्येय मात्रै थियो ।

यहींनेर आडम स्मिथले एउटा सम्भावना देखे कि बेलायतमा उपलब्ध सस्तो श्रमशक्तिलाई औद्योगिक उत्पादन र कृषिको रूपान्तरणमा जोड्ने हो भने गुणात्मक रूपमा उत्पादन बढाउन सकिन्छ र ती उत्पादित वस्तुको व्यापारबाट सुन र चाँदीभन्दा मनग्य लाभको सिर्जना गर्न सकिन्छ, जसबाट देशको आम्दानी र रोजगारी उल्लेख्य रूपमा बढाउन सकिन्छ । आडम स्मिथले देशको धनसम्पत्ति र आर्थिक वृद्धिको मूल उत्प्रेरक शक्ति नै त्यहाँका उत्पादनशील श्रमिक हुन् भनेर प्रमाणित गरे ।

यसरी उनले श्रमको मेसिनसँग प्रयोग, श्रम विभाजन, अधिक उत्पादन र श्रम विशिष्टीकरण, तुलनात्मक लाभ र वस्तु उत्पादनको सम्बन्धलाई अर्थशास्त्रीय तवरले व्याख्या गर्दै 'द वेल्थ अफ नेन्सस' (१७७६) भन्ने पुस्तक लेखे । श्रम विभाजनको प्रयोगबाट औद्योगीकरणको यात्रा सजिलो बनायो, अनि श्रम विशिष्टीकरणबाट पुँजी सञ्चय गर्दै नयाँ उत्पादनका लागि उन्नत प्रविधिको आविष्कार गर्न सहज बनायो ।

खासगरी व्यापारवाद (मर्केन्टालिज्म) मा अल्झिएको बेलायत पुँजीवादी उत्पादन प्रणालीतिर हिंड्यो । लेसेज फेयर र इन्भिजिबल हेन्डजस्ता केही सिद्धान्तमा आलोचना भए पनि यो पुस्तकले अर्थशास्त्रीय विचारलाई नयाँ उचाइमा लग्यो, वास्तवमा यो विचार तत्कालीन अवस्थामा क्रान्तिकारी नै थियो, जसले पुँजीपति वर्गलाई श्रमिकवर्गको उत्पादन शक्तिसँग परिचित गरायो । उनको यो विचार बेलायती संसद्ले अपनायो पनि ।

यसले यति प्रभाव पार्‍यो कि बेलायती संसद् हाउस अफ कमन्समा त करिब सय वर्षसम्म छलफल पनि चलायो । तत्कालीन बेलायती प्रधानमन्त्री विलियम पिट (१७९२) ले यो पुस्तकको मुक्तकण्ठले प्रशंसासमेत गरे । यसको प्रभावले अमेरिका र समग्र युरोपमा औद्योगिक क्रान्तिको पहिलो अध्याय पनि सुरु गरायो ।

### नेपालका लागि वेल्थ अफ नेसन्स के हो त ?

तीन सय वर्षअघिको बेलायतको कृषिजन्य उत्पादन प्रणाली, बेरोजगारी दर र जनसांख्यिक अवस्था, सहरीकरणतर्फ युवाहरूको संक्रमणजस्ता कुरा अहिलेको नेपालसँग दाँजेर हेर्दा करिब उस्तै छ । यतिखेर नेपाल कृषि-आधारित सामन्तवादी उत्पादन प्रणालीसँग नाता तोड्दै प्रारम्भिक पुँजीवादमा जान खोजिरहेको छ । परम्परागत कृषि अर्थतन्त्रले बढेको जनसंख्यालाई रोजगारी प्रदान गर्न सकिरहेको छैन ।

आयात अत्यन्त बढी र निर्यात अति कम छ भने रेमिटेन्स (विप्रेषणमा) मा नै अर्थतन्त्र निर्भर छ । गाउँबस्ती रित्तो हुने गरी युवाहरू बाहिर पलायन हुँदै छन् । सहरीकरण र बसाइँसराइको चाप बढ्दो छ । चालु आवमा ९ खर्ब (जिडीपीको २५ प्रतिशत) रेमिटेन्स भित्रिएको छ भने ४० लाख युवा खाडी मुलुकतिर छन् । देशभित्र औद्योगिक उत्पादन कत्ति पनि बढेको छैन । योजना आयोग (२०२२) को तथ्यांक हेर्दा विगत १० वर्षमा आर्थिक वृद्धि ४ प्रतिशतभन्दा कम छ, प्रतिव्यक्ति आय १२ सय डलर छ, जिडिपी ५३ बिलियन छ, बेरोजगारी तीव्र दरमा उकालो लागेको छ, जुन वार्षिक ११ प्रतिशतले बढ्दै छ ।

वार्षिक ४ लाख युवा काम खोज्दै श्रम बजारमा आउँछन् । कृषिक्षेत्रले ६६ प्रतिशत श्रम काममा लगाएको त छ, तर पनि उत्पादन बढेको छैन भने उद्योगमा जम्मा ५ प्रतिशत रोजगारी सृजित छ, यो नै बेरोजगारीको भयावह विस्फोटक स्थिति हो । नेपाली कामदारले यहाँ औसतमा प्रतिमहिना १७ हजार आय गर्छन्, यो साह्रै न्यून हो । उत्पादन नबढ्नु, आय नबढ्नु, बचत नहुनु र पुँजी निर्माण नहुनु नै सुस्त औद्योगीकरणको कारण बनेको छ, जसले बेरोजगारी उच्च बनाएको छ ।

यही आर्थिक अवृद्धिको भीषण दुष्चक्र तोड्न नेपालले आफ्नो साधनस्रोत र मानवीय संसाधनको कुशलतापूर्वक प्रयोग गरी आर्थिक विकासमा फड्को मार्न औद्योगीकरणको नयाँ प्रारूप निर्माण गर्नुपर्छ । यतिखेर नेपालले आफ्नो वेल्थ अफ नेसन के हो भनी खुट्याउनुपर्छ । जनसांख्यिक तथ्यांक हेर्दा ४० वर्षसम्मको युवाशक्तिको अनुपात यतिखेर नेपालमा कुल जनसंख्याको ६० प्रतिशत रहेको देखिएको छ, जुन उच्च उत्पादनशील छ । यो श्रमशक्ति चेतनशील छ र मध्यमस्तरीय शैक्षिक गुणात्मकताले निपुण छ ।

यसलाई प्रयोग गर्न तीव्र औद्योगीकरणको प्रक्रिया चाल्नु जरुरी छ । तर, राजनीतिज्ञहरू औद्योगीकरणको ठोस योजना बनाउन चुकेका छन् । देशभित्रै रहेको कच्चा पदार्थ र श्रमशक्तिको पूर्ण प्रयोग नगरी फ्री भिसा-फ्री टिकटजस्ता उडन्ते योजना बुन्दै वैदेशिक रोजगारीलाई झनै प्रोत्साहन गरेका छन्, जुन सर्वथा गलत र नेपालको आर्थिक संवृद्धिका लागि घातक छ । उल्लिखित पृष्ठभूमिमा आडम स्मिथले विश्लेषण गरेझैं भूमि, श्रमशक्ति र पुँजीको संयोजनबाट राष्ट्रिय उत्पादन (जिडीपी) बढाउने काममा बढोत्तरी गर्न नेपालले आफ्नो उत्पादन साधन (जल, जमिन, जंगल), ऊर्जाशील श्रमशक्ति र दुर्लभ पुँजी नवप्रवर्तनबाट आएको एआई प्रविधि (कृत्रिम बौद्धिकता) मा जोडेर द वेल्थ अफ नेसन्स पार्ट-२ भर्सन तयार गर्न सक्नुपर्छ ।

अहिले जलवायु संकटसँग जुध्न जी-७/जी-२० जस्ता ठूला अर्थतन्त्रहरू डिकार्बनाइज गरी ग्रिन ग्रोथ अर्थतन्त्रतर्फ संक्रमण गर्न लागेकाले स्वच्छ ऊर्जामा आधारित वैश्विक औद्योगीकरणको नयाँ फेज सुरु भएको (औद्योगिक रिभोलुसन पार्ट-४) छ, जसले फोसिल ऊर्जा विस्थापन गरी ग्रिन इनर्जी अपनाउँदै अघि बढेको छ भने एआईको प्रयोग तीव्र गतिमा लगेको छ । ग्रिन ग्रोथ र एआईलाई स्वच्छ ऊर्जा र दक्ष श्रमशक्तिको ठूलो मात्रा आवश्यक पर्छ ।

नेपालमा स्वच्छ ऊर्जा (हाइड्रो र ग्रिन हाइड्रोजन) उत्पादनको निकै ठूलो सम्भावना छ । तसर्थ, कच्चा ऊर्जा र कच्चा श्रम निर्यात गर्नुभन्दा प्रशोधित ऊर्जा र श्रमशक्ति यहींको औद्योगीकरणमा उपयोग गरेर तुलनात्मक लाभ लिनुपर्छ । साथै, एआईसम्बन्धी प्रोत्साहन शैक्षिक नीति तत्काल ल्याउनु अर्थतन्त्रका लागि लाभकारी हुन्छ । यसर्थ, प्राप्त रेमिटेन्सबाट पुँजी निर्माण गर्दै उल्लिखित उत्पादनशील संसाधनको सम्मिश्रण गरी नेपालले नयाँ औद्योगिक रुपान्तरणतर्फ फड्को मार्न सक्ने र यसबाट राष्ट्रिय आयमा वृद्धि भई पर्याप्त रोजगारीसमेत सिर्जना हुने भएकाले वेल्थ अफ नेसन्स पार्ट टु भर्सनलाई समेटेर नेपालको औद्योगीकरणसहित आर्थिक विकासको नयाँ अवधारणा बनाउनु उचित हुने देखिन्छ । *(स्रोतः कारोबारदैनिक)*

# नभेटिएको न्याय



✍सुप्रिया कार्की

नेपालमा खै यो के हुँदैछ ?
मान्छेको नाममा हत्यारा राक्षसहरु अझै जिउँदै छ ।

नेपाली चेली किन अन्धकारमा बाच्नु पर्ने ?
नेपाली सबै एउटै बनाउन हामीले नै त हो सम्बन्ध गाँस्नु पर्ने ।

भन्छन् नेपाली जनता नेपालका सान हुन्
तर खै त बलात्कारी हत्याराका लागि बनाइएको कडा कानुन ?

फेरि पनि बालिकाको बलात्कार भएको छ
फेरि निर्मला पन्तको प्रकरण जस्तै नयाँ प्रकरण ठडिएको छ ।

निर्मला पन्तले त अहिलेसम्म न्याय पाएकी छैनन्
नयाँ प्रकरणको झन के आश ।
आमाबुबाले हिम्मत हारेका छैनन्
तर भएका छन् जिउँदो लाश ।

भेटिँदैनन् बलात्कारी अनि हुन्छ मुद्दा बन्द
बलात्कारी हत्यारा जिउँदै हुन्छन् खुशीले मन्द ।

आमाको उता रोएर बिजोग
बुवा भन्छन् हामीले गुमायौं सबथोक ।

कोही आवाज उठाउन तयार छैनन् यो देशमा
बाचुन्जेल आवाज उठाए पनि न्यायको आश छैन यो देशमा ॥

*कक्षा-१२, हेटौंडा स्कुल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# किताब



✍रोचन बज्जारा

किताब हो मेरो प्यारो मिल्ने साथी
यसले पुऱ्याउँछ मलाई सफलताको शिखर माथि
हटाउँछ यसले मनको मैलो, अहंकार
ज्ञानरुपी आँखा खोली हटाउँछ अन्धकार

पढी, लेखी सिक्छौं हामी ज्ञान, गुन र सीप
देशको विकास गर्ने हामी नै हौं उज्ज्वल दीप
किताबले दिन्छ पुराना ज्ञानको बखान
यसको वयान म के गर्न सक्यौं अज्ञान

पढेर नै भइन्छ डाक्टर, इन्जिनियर
अनि बन्छ देशमा जहीँतहीँ विकसित सहर
शिक्षाले नै हटाउँछ देशमा गरिबी र
अनि आउँछ सबैको जीवनमा बाँच्नलाई सहजता ।

*कक्षा-४, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# विद्यार्थी परिचय



**जिया स्याङतान**
**कक्षा-११, कृष्ण मावि**
**भीमफेदी-२, भैंसे**

जिया स्याङतान भीमफेदी-२, भैंसेस्थित कृष्ण माध्यामिक विद्यालयमा कक्षा-११ मा पढ्नु हुन्छ । जियाको घर भीमफेदी गाउँपालिका-२ भैंसेमा रहेको छ । जिया ११ कक्षामा शिक्षाशास्त्र सङ्काय विषय अध्ययन गर्दै हुनुहुन्छ । जियाको घरमा बाबा, ममी, दाइ र उहाँ गरी ४ जना हुनुहुन्छ ।

जियाको बाबा घर बनाउने काम गर्नुहुन्छ । दाइ जेसिवि चलाउनु हुन्छ । आमा गृहिणी हुनुहुन्छ । जियाको पढाई राम्रो छ भने जिया भलिबल खेल्न मन पराउनुहुन्छ । जियाले अहिलेसम्म मकवानपुर जिल्लाको टिमबाट सहभागी भई ३ पटक भलिबल खेलिसक्नु भयो । जियालाई भलिबल खेलनका लागि उहाँको गुरु र दाइले प्रेरित गर्नुभएको थियो ।

जिया मनोरञ्जनका लागि प्रायः झमक कुमारीको पुस्तक पढ्ने गर्नुहुन्छ । उहाँ परीक्षामा राम्रो नतिजा ल्याउनका लागि घरमा समय तालिका बनाएर पढ्ने गर्नुहुन्छ । उहाँ भविष्यमा राष्ट्रिय भलिबल खेलाडी बनेर आफनो देशको नाम उच्च राख्न चाहनुहुन्छ ।

# पुस्तकको भविष्य

✍एरिना चौलागाई

ज्ञानको अथक भण्डार
जहाँ जीवनको अनेकौं
कदमहरु, ऐंठनहरु छन् भोगाइका
दर्दहरु, खुशीहरु छन्
र छन् आशाहरु पुस्तकमा ।

न बीपीको दोषी चस्मामा दोष थियो
न त मारियम अमान्छे नै थिई
तर पनि मसी किन सिध्याउँछिन्
राधा पौडेल अमान्छे बनाइएको अभिलेखहरु
सायद उनलाई थाहा छ,
एक दिन उनै अमान्छेहरुले मान्छे भएको दिन
बहुत शर्म मान्नेछन् मान्छेहरुले ।

झमझम वर्षात्मा रुझ्नु जस्तै
निधुक्क पुस्तकमा भिज्नुको पनि
हुँदो रहेछ युद्ध जिते झैं खुशी
त्यही आह्लादले भरिपूर्ण रहुँ
यही बेला बोलाइरहेको छ
एउटा किताबले सिरानीमुनिबाट ।

एक शिक्षक हो किताब
पाठ सिकाउँछ
अनि एक पक्का गन्तव्यमा पुऱ्याउँछ ।

साहित्य, समाचार, चिन्तन
जीवनी, अस्तित्वको सार्वजनिकीकरणमा
कल्पना, सत्यतार भविष्यको रुपमा
अर्थात् पुस्तक, जीवनको अभिन्न अंगको रुपमा ।

देखिन् पारिजातले शिरिषको फूल
पोखिए देवकोटा मुनामदनमा
तव गुन्गुनायो पुस्तकले आफ्नो गीत
आफ्नै आवाजमा ।

लेखिनुपर्छ, पढिनुपर्छ, विमर्श हुनुपर्छ
पुस्तकहरु वर्तमानको सुन्दर
अस्तित्व सुरक्षित हुनुपर्छ
स्वतन्त्र हिँड्न सक्नेछु
दायाँ-बायाँ नियाल्दै त्यही
सुन्दर भविष्यको चोरी औंला समाएर ।

*कक्षा-९, जनप्रिय माध्यमिक विद्यालय, हेटौंडा-१६*

# तिमी हार नमान

✍अनुपा पुडासैनी

पुस्तक र जिवनको गोरेटोमा
अल्झिएको मलाई अचानक
पुस्तकले भन्छ,
मेरा अक्षरहरू काला भएपनि,
म तिमीलाई सुनौलो उज्यालो भविष्यको
बाटोतिर डोऱ्याउने छु ।

तिमी हार नमान
तिमी हार नमान
अन्धकार तिम्रो माथि
पहाड बनी छाएपनि म तिम्रो अघि
उज्यालो किरण बनी छाइदिने छु
बस तिमी हार नमान,
पाइला तिमी चाल तिम्रो
पैतालामा लागेका चोट मेटाउन म आउनेछु
यदि तिमी कुनै बाटोमा गई
अक्मकाउछौ भने,
म तिमीलाई हजारौ सपनाहरुको बिचमा
अल्झिएको तिम्रो जिवनको बारेमा ज्ञात गराउने छु ।
म अकमकाए, अनि सोधे

तिमी हार नमान
तिमी हार नमान
भिडै भिडमा हराएको तिमीलाई
गन्तव्य खोज्न
म सहारा बनिदिनेछु ।

*कक्षा-१२, वंशगोपाल मावि, हेटौंडा-६*

# किताब र जीवन



✍वर्षा सञ्जेल

जीवनसँग डराएर कैले हट्ने छैन टाढा ।
पुस्तकसँग रहिरहोस् मेरो यो माया गाढा ॥

पढी, लेखी ठूलो बन्ने सबको हुन्छ इच्छा ।
गरिब दुःखीले पनि पाउनुपर्छ शिक्षा ॥

जीवनमा हार जित भइरहनेछ ।
किताबसँग मेरो माया रहिरहनेछ ॥

किताबमा भएको ज्ञान गुण आफूप्रति सार्नेछु ।
जीवनमा आएको कठिनाइ आसनीले टार्नेछु ॥

राम्रो जीवन हाम्रो जीवन जिउन धेरै गाह्रो छ ।
किताब हाम्रो जीवनको लागि धेरै धेरै प्यारो छ ॥

पढ्छु पनि लेख्छु पनि जीवन जिउन जान्नेछु ।
ईश्वर सहित किताबलाई भगवान भनी मान्नेछु ।


जो मेहनत गर्छ उसले मेहनतको फल पाउँछ ।
थाहा छैन जीवनको अन्तराल यहाँसम्म डोर्याएर ल्याउँछ ॥

जीवन जिउन गाह्रो छ भने पढ्न पनि गाह्रो छ ।
ज्ञानको किताब मेरो लागि अत्यन्तै प्यारो छ ॥

आदरणीय गुरुवर्ग तथा प्यारा साथीभाइ
हजुरहरूसँग मैले लिनुपर्यो बिदाई

*कक्षा-६, बालजागृति युवा वर्ष मावि, हेटौंडा-६*


## बुधबारे बालसाहित्य विशेषबारे



यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।


**सम्पादक ।**

# चित्रकला







**दिप्सन गौतम**
**कक्षा-५, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२**






**सुयोग श्रेष्ठ**
**कक्षा:- ४, ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४**





**सुगम लामा, कक्षा-६**
**श्री कमला आबि, हेटौंडा-१८ ,दोभनचौर**





**अनुशन्स श्रेष्ठ**
**नबोदय शिशु सदन, कक्षा -२**

# १५ नम्बर वडाध्यक्ष कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको १५ नम्बर वडा खेलकुलद विकास समितिको आयोजनामा जारी अन्तरवडास्तरीय वडाध्यक्ष कप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको छ। मंगलबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा पहिलो चरणको २ खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको क्वार्टरफाइनल समीकरण पूरा भएको हो।

पहिलो खेलमा वडा-१३ लाई १-० गोल अन्तरले हराउँदै वडा-१४ को समाज कल्याण क्लबले क्वार्टरफाइनलको यात्रा पूरा गरेको छ। वडा-१४ को जितमा मनिष घलानले निर्णायक गोल गरेका हुन्। खेलको म्यान अफ द म्याच घोषित हुँदै घलानले १ हजार ५ सय रुपैयाँ प्राप्त गरेका छन्।

यस्तै, मंगलबार भएको दोस्रो खेलमा विजयी हुँदै १५ नम्बर वडाले क्वार्टर फाइनल खेलमा अफ्नो स्थान बनाउन सफल भएको छ। वडा-१६ लाई १-० गोल अन्तरले हराउँदै वडा-१५ क्वार्टर फाइनलमा प्रवेश गरेको हो। वडा-१५ का खेलाडी ऋषिराम मोक्तानको निर्णायक गोलमा वडा-१५ विजयी भएको हो। खेलको म्यान अफ द म्याच मोक्तान घोषित भएका छन्।

प्रतियोगिताअन्तर्गत् आज बुधबारबाट क्वार्टरफाइनल चरणको खेलहरु सुरु हुनेछ। बुधबार पहिलो क्वार्टरफाइनल खेलमा १ बजे वडा-७ र वडा-१७ बीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो क्वार्टरफाइनल खेलमा वडा-५ र वडा-१२ बीच प्रतिस्पर्धा हुनेछ। दुई समूहको विजेता टिम सेमिफाइनलमा प्रवेश गर्नेछन्।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागततर्फको उत्कृष्ट खेलाडीहरुलाई पनि पुरस्कृत गरिने आयोजकले जनाएको छ। प्रतियोगिताको फाइनल खेल चैत १८ गते हुनेछ। प्रतियोगिता आयोजनाका लागि करिब ११ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ।

# यु-१६ जिल्लास्तरीय साइक्लिङ दौड प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आउँदो चैत २४ गते स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनका लागि साइकल भन्ने नाराका साथ प्रथम यु-१६ जिल्लास्तरीय साइकल दौड प्रतियोगिता हुने भएको छ। हिमालयन राइडर्स सोसाइटी मकवानपुरको आयोजनामा साइकल दौड प्रतियोगिता हुन लागेको सोसाइटीका उपाध्यक्ष राजु थापा मगरले जानकारी दिनुभएको छ।

सोसाइटीमा आवद्ध भएका पदाधिकारीहरुको सामान्य कमिटीले चैत २४ गते प्रतियोगिताको आयोजना गर्ने निर्णय गरेको उपाध्यक्ष थापाले बताउनुभयो। नयाँ वर्षको अवसर पारेर आयोजना गर्न लागेको प्रतियोगितामा जिल्लाभित्रका ११ वर्षदेखि १६ वर्ष उमेर समूहका प्रतियोगीहरुले सहभागिता जनाउन पाउने उहाँले बताउनुभयो।

आउँदो शुक्रबारको कार्यसमितिको बैठकपछि टिम दर्ता शुल्क, टिम सहभागी र प्रतियोगिताको पुरस्कारको राशिबारे निर्णय गरिने उहाँको भनाइ छ। प्रतियोगितामा २५ जना प्रतियोगीहरु सहभागी हुने अपेक्षा गरिएको उहाँले बताउनुभयो। सोसाइटीको खर्चबाट प्रतियोगिताको आयोजना गर्न लागेको बताउनुहुँदै उहाँले हेटौंडा उपमहानगर पालिकालगायत अन्य संस्थाबाट सहयोग नलिने जानकारी दिनुभयो।

प्रतियोगिताका लागि दर्ताको प्रक्रिया आइतबारबाट सुरु भएर १ सातासम्म सञ्चालन हुने उपाध्यक्ष थापाले बताउनुभयो। मकवानपुर जिल्लामा साइकल चलाउँदा हुने फाइदाको बारेमा बुझाउन, जिल्लालाई साइकलको माध्यमबाट चिनाउन र साइकल चलाउने बानिको विकास गर्नकै निम्ति प्रतियोगिताको आयोजना गर्न लागेका उहाँले जानकारी दिनुभयो। सोसाइटीले यसअघि भेट्रान्स र खुला साइकल दौड प्रतियोगिताको आयोजना गरिसकेको छ। प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। प्रतियोगिताको पुरस्कार राशिबारे निर्णय नभएका कारणले खर्च रकमको अनुमान नगरिएको उहाँले बताउनुभयो। सोसाइटीले आगामी जेठ १४ गते भेट्रान्स साइकल दौड प्रतियोगिता गर्ने जनाएको छ।

## हेटौंडा मत्स्य प्रवर्धन केन्द्रमा धर्ना

# धम्क्याएर पैसा माग्ने काम भयोः प्रमुख यादव

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-५ स्थित केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्र हेटौंडामा कर्मचारी निकालेको भन्दै धर्ना तथा प्रदर्शन भएको छ। केन्द्रीय मत्स्य प्रवर्धन तथा संरक्षण केन्द्रका कर्मचारी मनिसा पुरी बुढाथोकीलाई बिना सूचना निष्कासन गरेको विरुद्धमा पुनर्वहालीको माग गर्दै धर्ना दिइएको हो।

मकवानपुर जिल्लामा रहेको प्राकृतिक जलाशय मत्स्य प्रवर्धन एवम् संरक्षण केन्द्र हेटौंडामा विगत आठ वर्षदेखि कार्यालय सहयोगीको रुपमा कार्य गर्दै आइरहेकी बुढाथोकीले बताउनुभयो। 'बिना सूचना यही चैत ४ गते गेट रोक्का गरी रोजगारीबाट निकालियो', बुढाथोकीले भन्नुभयो- 'केन्द्रमा दरबन्दीभन्दा बढी कर्मचारी भर्ती गर्ने र कर्मचारी धेरै भयो भनेर तलब आधा गर्ने वा आफूखुसी रोजगारबाट हटाउने कार्य भइरहेको छ।' केन्द्र प्रमुख सरोज यादवले प्रतिष्ठानको आन्तरिक कुरा बाहिर लान नपाउने, आधा तलबमा काम गर्नुपर्ने, जबर्जस्ती सहमति गर्नुपर्ने, नत्र रोजगारबाट बिमुख हुनुपर्ने दबाव दिएको उहाँको दावी छ। केन्द्र प्रमुखको प्रस्तावको विपक्षमा हुँदा रोजगारबाट आफूलाई निकालिएको बुढाथोकीको भनाइ छ।

यता मत्स्य प्रवर्धन एवम् संरक्षण केन्द्र हेटौंडाका प्रमुख यादवले बुढाथोकीले लगाएको आरोप झुटो भएको बताउनुभएको छ। समृद्ध समाजसँग कुराकानी गर्दै यादवले भन्नुभयो, 'म यस कार्यालयमा आउनुभन्दा पहिले नै उहाँलाई अफिसका विभिन्न कुरा बाहिर लैजाने, कार्यालयमा काम गर्ने कर्मचारीलाई विभिन्न आरोप पत्यारोप लगाउनेजस्ता कार्य गरेकाले हटाइएको रहेछ।' आफू कार्यालयमा आएपछि विभिन्न राजनैतिक दबाबका कारण बिगतका कुरा दोहोरिएमा जागिरमा राख्न नसक्ने भन्दै काममा राखेकोमा अहिले विभिन्न व्यक्तिले उचालेको भरमा आन्दोलन गरेर कार्यालयको मुख्य गेटमा तालाबन्दी गरेको उहाँले बताउनुभयो।

केन्द्र प्रमुख यादवले भन्नुभयो- 'बुढाथोकी करारमा कार्यरत हुनुहुन्छ। करार सम्झौताका लागि बोलाउँदा उहाँ आउनुभएन। तर, राजनैतिक दलको व्यक्तिले उचालेको भरमा उहाँले आन्दोलन गर्नुभएको छ।' बुढाथोकीका बारेमा कार्यालयका अन्य कर्मचारीसमेत असन्तुष्ट हुँदाहुँदै आफूले एक पटक सुध्रने मौका दिएकोमा उल्टै बिभिन्न आरोप पत्यारोप लगाउने कार्य गरेको यादवले बताउनुभयो। प्रमुख यादवले भन्नुभयो, 'मलाई केही राजनैतिक दलका भन्ने व्यक्तिले पटक-पटक धम्क्याएर पैसासमेत माग्ने गरेका छन्। म पत्रकार सम्मेलन नै गरेर यस विषयमा जानकारी गराउनेछु।'

# नारायणी कलेजमा आगलागी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१० स्थित तुलसी मेहर बोर्डिङ तथा नारायणी कलेजमा आगलागी भएको छ। मंगलबार साँझ ५ बजेर २५ मिनेटको समयमा कलेजमा आगलागी भएको तुलसी मेहर विद्यालयका शिक्षक राजकुमार थोकरले जानकारी दिनुभयो।

विद्युतको लाइन सर्ट भएर कलेजको माथिल्लो तल्लामा आगलागी भएको थोकरले जानकारी दिनुभयो। आगलागीबाट एउटा कोठामा क्षति भएको छ। आगलागीबाट मानवीय क्षति भएको छैन। हेटौंडा उपमहानगरपालिकाको वारुणयन्त्रको सहायतामा आगो पूर्णरुपमा नियन्त्रणमा आइसकेको छ।

हार्दिक बधाई



शारदा मावि पूर्वविद्यार्थी संगठनका परिषद् सल्लाहकार **संगम चौलागाई** मकवानपुर बहुमुखी क्याम्पसको **सहायक क्याम्पस प्रमुख**मा नियुक्त हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं।

**रामचन्द्र रेग्मी, अध्यक्ष**

**एवम् शारदा मावि पूर्वविद्यार्थी संगठन परिवार**

**मकवानपुरगढी-५, धादिङ**

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
वनस्पति विभाग
वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मितिः २०८०।१२।१४ गते)

यस केन्द्रको मिति २०८०।११।२१ मा आह्वान गरिएको सिलबन्दी दरभाउपत्र नं PRC/MAK/SQ/WORK/2080/081-01(E-Bid) अनुसार रीतपूर्वक प्राप्त भएका दरभाउपत्र मध्ये श्री New S. and S. NirmanSewa, Hetauda -13, Makawanpur को मू.अ.कर सहित रु ६,७४,९४८।४३ (अक्षेरुपी छ लाख चौहत्तर हजार नौ सय अठ्चालिस रुपैयाँ त्रिचालिस पैसा मात्र) को दरभाउपत्र न्यूनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**कार्यालय प्रमुख**

ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि. को

**२४ औं वार्षिक साधारण सभा स्थगित सम्बन्धी सूचना**

यस ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लि. को २०८०/१२/२४ गतेको वार्षिक साधारण सभा २०८०/१२/१२ गते सोमबार बसेको कार्य समिति बैठकको निर्णय अनुसार २०८१/१/२९ गते हुने निर्णय भएको जानकारी गराइन्छ।

TRUENARY SOLUTIONS

WE ARE HIRING

Journalism & Mass Communication Interns

Requirements :

- Strong passion for news and current events.
- Excellent research and analytical skills.
- Proactive attitude with a desire to learn and grow professionally.
- Pursuing bachelor degree in journalism, media studies, communications, or related field.

Deadline: Chaitra 15th, 2080

Interested candidates can drop their CV at contact@truenary.com

Hetauda-4, Ajaramar Road   9801331603

मानवसेवा आश्रम
मानवता प्रवर्धन महाअभियान

दरभाउ पत्र नम्बर : MSA/SQ/03/2080-81

**शिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/१४ गते)

चालु आ.व. २०८०/८१ को लागि यस मानवसेवा आश्रमको मुख्य कार्यालय हेटौंडामा आवश्यक पर्ने निम्न उल्लेखित सामग्रीको आपूर्तिको लागि इच्छुक तथा नेपाल सरकारबाट इजाजत प्राप्त रजिस्टर्ड कम्पनि/फर्म/व्यवसायी वा आपूर्तीकर्ताहरुले निम्न सर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउ पत्र पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक सामग्रीः**

| क्र.स. | कामको विवरण | क्र.स. | कामको विवरण | क्र.स. | कामको विवरण |
|---|---|---|---|---|---|
| १ | चामल | ९ | चिउरा | १७ | मेथि |
| २ | दाल | १० | सोयाबिन | १८ | लसुन |
| ३ | दाल | ११ | सुजि | १९ | तिल |
| ४ | तेल | १२ | नुन | २० | ज्वानो |
| ५ | तेल | १३ | बेसार | २१ | चना |
| ६ | चिनी | १४ | जिरा | २२ | धनिया |
| ७ | केराउ | १५ | प्याज | | |
| ८ | बोडी | १६ | पापड | | |

कृपया पुरा सूचना, तथा दरखास्त फारमको लागि हाम्रो आश्रमको आधिकारिक वेबसाइट msa.org.np मा गएर इच्छुक आपुर्तिकर्ताले आवेदन दिनुहुन अनुरोध छ।

**सम्पर्क नम्बर : ९८५५०७६०८९, ९८५५०७६०२४**

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्याबरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

**सामाजिक संजालको दुरुपयोगबारे सचेत रहौं।**

- आफूले प्रयोग गर्ने मोबाइल,कम्प्युटरजस्ता विद्युतीय उपकरण सधैं लगआउट गरौं।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड थाहा नदिउँ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु अघि र सामाजिक संजालमा राख्नु अघि अनुमति लिऔं।
- अपरिचित व्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं।
- सामाजिक संजालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाउँ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा व्यवहार सामाजिक संजालमा नगरौं।
- सामाजिक संजालमा देखिएका भ्रामक आधिकारिकता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिवाद गरौ र रेकर्डको लागि सुरक्षित राखौं।
- सामाजिक संजालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

समृद्धि प्रकाशन प्रा.लि. द्धारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ